मुखियापट्टी मुसहरनिया गाउंपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

तुलसियाही जब्दी, धनुषा

मधेश प्रदेश, नेपाल

# आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन ऐन, २०८१

(मुखियापट्टी मुसहरनिया गाउँ सभाबाट स्वीकृत)

प्रमाणीकरण मिति : २०८१/०३/१०

कार्यपालिकाबाट पारित मिति- २०८१/०३/१०



CamScanner

## प्रस्तावना

नेपालको संविधानले प्रत्याभूत गरेको आधारभूत स्वास्थ्य सेवा तथा आकस्मिक स्वास्थ्य सेवा पाउने हक कार्यान्वयन गर्न, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को अनुसूची–८ र अनुसूची–९ बमोजिम गाउँपालिकालाई प्राप्त अधिकार प्रयोग गरी, जनस्वास्थ्य सेवा ऐन, २०७५ तथा नेपाल सरकारले जारी गरेको स्वास्थ्य संस्था सञ्चालन सम्बन्धी मापदण्डसँग नबाझिने गरी मुखियापट्टी मुसहरनिया गाउँपालिका क्षेत्रभित्र नागरिकको स्वास्थ्य सेवामा पहुँच सहज, गुणस्तरीय र सर्वसुलभ बनाउन आधारभूत अस्पतालको स्थापना, सञ्चालन, व्यवस्थापन र नियमन गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

मुखियापट्टी मुसहरनिया गाउँ सभाले यो ऐन बनाएको छ।

## परिच्छेद–१
## प्रारम्भिक

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ :**

(१) यस ऐनको नाम "मुखियापट्टी मुसहरनिया गाउँपालिका आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन ऐन, २०८१" रहेको छ।

(२) यो ऐन मुखियापट्टी मुसहरनिया गाउँपालिकाको सम्पूर्ण कार्यक्षेत्रभर लागू हुनेछ।

(३) यो ऐन गाउँ सभाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "ऐन" भन्नाले मुखियापट्टी मुसहरनिया गाउँपालिका आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन ऐन, २०८१ सम्झनु पर्छ।

(ख) "गाउँपालिका" भन्नाले मुखियापट्टी मुसहरनिया गाउँपालिका सम्झनु पर्छ।

(ग) "गाउँ सभा" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिमको मुखियापट्टी मुसहरनिया गाउँ सभा सम्झनु पर्छ।

(घ) "कार्यपालिका" भन्नाले मुखियापट्टी मुसहरनिया गाउँ कार्यपालिका सम्झनु पर्छ।

(ङ) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ र सो शब्दले प्रचलित कानून बमोजिम अध्यक्षको अनुपस्थितिमा कार्यकारी अधिकार प्रयोग गर्न पाउने उपाध्यक्षलाई समेत जनाउँछ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

(छ) "अस्पताल" भन्नाले दफा ३ बमोजिम गाउँपालिकाबाट स्थापना भई सञ्चालनमा रहेको आधारभूत अस्पताल सम्झनु पर्छ।

(ज) "व्यवस्थापन समिति" भन्नाले दफा ८ बमोजिम गठन भएको अस्पताल व्यवस्थापन समिति सम्झनु पर्छ।

(झ) "अस्पताल प्रमुख" भन्नाले दफा ११ बमोजिम तोकिएको वा खटिएको अस्पतालको प्रशासकीय तथा चिकित्सकीय प्रमुख सम्झनु पर्छ।

(ञ) "स्वास्थ्यकर्मी" भन्नाले प्रचलित कानून बमोजिम स्वास्थ्यकर्मीको रूपमा सम्बन्धित परिषद्मा दर्ता भई अस्पतालमा कार्यरत व्यक्ति सम्झनु पर्छ।

(ट) "चिकित्सक" भन्नाले प्रचलित कानून बमोजिम चिकित्सकको रूपमा सम्बन्धित परिषद्मा दर्ता भई अस्पतालमा कार्यरत व्यक्ति सम्झनु पर्छ।

(ठ) "सेवाग्राही" भन्नाले अस्पतालबाट स्वास्थ्य सेवा लिने व्यक्ति सम्झनु पर्छ।

(ड) "आधारभूत स्वास्थ्य सेवा" भन्नाले जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ को उपदफा (४) बमोजिमको सेवा सम्झनु पर्छ।

(ढ) "आकस्मिक स्वास्थ्य सेवा" भन्नाले जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा २ को खण्ड (क) बमोजिमको सेवा सम्झनु पर्छ।

(ण) "सुसूचित सहमति" भन्नाले कानूनी रूपले सक्षम व्यक्तिले स्वास्थ्य सेवा लिन दिएको लिखित वा मौखिक सहमति सम्झनु पर्छ।

(त) "मापदण्ड" भन्नाले नेपाल सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको स्वास्थ्य संस्था सञ्चालन सम्बन्धी प्रचलित मापदण्ड तथा सोको अधीनमा रही दफा ३३ बमोजिम कार्यपालिकाले बनाएको मापदण्ड सम्झनु पर्छ।

(थ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम, कार्यविधि वा मापदण्डमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

## परिच्छेद–२
## अस्पतालको स्थापना, स्तर र सेवा

**३. <u>अस्पताल स्थापना तथा सञ्चालन</u> :**

(१) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को अनुसूची–८ को "आधारभूत स्वास्थ्य र सरसफाई" शीर्षक अन्तर्गतको एकल अधिकार तथा अनुसूची–९ को "स्वास्थ्य" शीर्षक अन्तर्गतको साझा अधिकार प्रयोग गरी गाउँपालिकाले आफ्नो क्षेत्रभित्र कम्तीमा एक आधारभूत अस्पताल स्थापना गरी सञ्चालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने अस्पताल मन्त्रालयले जारी गरेको स्वास्थ्य संस्था सञ्चालन सम्बन्धी मापदण्ड बमोजिम न्यूनतम ५, १०, १५ शैया वा सोभन्दा बढी क्षमताको हुनुपर्नेछ।

जय कुमार यादव
गा.पा. अध्यक्ष



CamScanner

(३) अस्पताल स्थापना गर्दा भवन, पूर्वाधार, वातावरण, जनशक्ति, उपकरण तथा अन्य भौतिक सुविधा सम्बन्धमा मापदण्डमा तोकिएको न्यूनतम मापदण्ड पूरा गरेकोमा मात्र सञ्चालनमा ल्याउनु पर्नेछ।

(४) अस्पताल स्थापना भएपछि सोको जानकारी सम्बन्धित स्वास्थ्य कार्यालय तथा प्रदेश स्वास्थ्य मन्त्रालय मार्फत नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई दिनुपर्नेछ।

(५) कार्यपालिकाले आवश्यकता र स्रोत साधनको उपलब्धताको आधारमा अस्पताललाई तहगत रूपमा स्तरोन्नति गर्न वा शाखा स्वास्थ्य इकाई विस्तार गर्न सक्नेछ। स्तरोन्नति गर्दा मापदण्डमा तोकिएको सम्बन्धित शैया संख्याको जनशक्ति र सेवा मापदण्ड पूरा गर्नुपर्नेछ।

(६) अस्पताल सञ्चालनका लागि आवश्यक पर्ने जग्गा, भवन तथा अन्य स्रोत साधनको व्यवस्था गाउँपालिकाले प्रदेश तथा संघीय सरकारसँगको समन्वय र साझेदारीमा समेत गर्न सक्नेछ।

**४. <u>अस्पतालबाट प्रदान गरिने सेवा</u> :**

(१) अस्पतालले कम्तीमा देहायका सेवाहरू उपलब्ध गराउनु पर्नेछः–

(क) आधारभूत स्वास्थ्य सेवा तथा सामान्य चिकित्सा सेवा,

(ख) सामान्य शल्यक्रिया सेवा,

(ग) स्त्रीरोग तथा प्रसूति सेवा,

(घ) बालरोग तथा नवजात शिशु सेवा,

(ङ) सामान्य दन्त चिकित्सा सेवा,

(च) आकस्मिक (इमर्जेन्सी) उपचार सेवा,

(छ) खोप, पोषण, परिवार नियोजन, प्रसवपूर्व र प्रसवपश्चात् सेवा लगायतका मातृ, नवजात शिशु तथा बाल स्वास्थ्य सेवा,

(ज) सरुवा तथा नसर्ने रोग सम्बन्धी सेवा,

(झ) प्रयोगशाला तथा आधारभूत निदानात्मक सेवा,

(ञ) फार्मेसी तथा आवश्यक औषधि उपलब्धता,

(ट) स्वास्थ्य प्रवर्द्धन तथा परामर्श सेवा।

(२) कार्यपालिकाले उपलब्ध स्रोत साधन र आवश्यकताको आधारमा उपदफा (१) मा उल्लिखित सेवाका अतिरिक्त थप विशेषज्ञ वा विशिष्टीकृत सेवा उपलब्ध गराउन सक्नेछ।

(३) अस्पतालबाट प्रदान गरिने सेवाको विस्तृत विवरण, सेवा प्रवाहको समय तालिका र प्रक्रिया कार्यपालिकाले तोके बमोजिम हुनेछ।

**५. <u>आकस्मिक उपचार सेवा</u> :**

जय कुमार यादव
गा.पा. अध्यक्ष



CamScanner

(१) अस्पतालले चौबीसै घण्टा आकस्मिक स्वास्थ्य सेवा उपलब्ध गराउनु पर्नेछ।

(२) कुनै सेवाग्राहीलाई आकस्मिक अवस्थामा भुक्तानी वा अन्य कुनै कारण देखाई उपचार सेवाबाट वञ्चित गरिने छैन। भुक्तानी नभएसम्म वा स्वास्थ्य बीमा नभएसम्मको अवस्थामा समेत प्रारम्भिक तथा तत्काल आवश्यक उपचार सेवा उपलब्ध गराउनु अस्पतालको कर्तव्य हुनेछ।

(३) अस्पतालको संरचना, उपकरण वा विशेषज्ञ सेवाको अभावमा थप उपचार गर्न नसकिने अवस्था भएमा दफा ६ बमोजिमको प्रेषण प्रणाली मार्फत नजिकको उपयुक्त स्वास्थ्य संस्थामा तत्काल प्रेषण गर्नुपर्नेछ।

(४) आधारभूत स्वास्थ्य सेवा अन्तर्गत पर्ने आकस्मिक उपचार सेवा अस्पतालले निःशुल्क रूपमा उपलब्ध गराउनु पर्नेछ।

६. **प्रेषण (रेफरल) प्रणाली :**

(१) अस्पतालले आफूसँग उपलब्ध नभएको वा उपचार गर्न नसकिने सेवाका लागि सेवाग्राहीलाई थप उपचारको निम्ति उपयुक्त स्वास्थ्य संस्थामा प्रेषण (रेफर) गर्नु पर्नेछ।

(२) प्रेषण गर्दा तोकिए बमोजिमको विधि र प्रक्रिया पूरा गर्नुपर्नेछ र सेवाग्राहीको स्वास्थ्य अवस्था सम्बन्धी विवरण सहितको प्रेषण पत्र सम्बन्धित स्वास्थ्य संस्थालाई उपलब्ध गराउनु पर्नेछ।

(३) आकस्मिक अवस्थामा प्रेषण गर्दा अस्पतालले आफूसँग उपलब्ध न्यूनतम स्वास्थ्य उपकरण तथा एम्बुलेन्स सेवा सहित प्रेषण गर्नुपर्नेछ।

(४) गाउँपालिकाले नजिकका प्रदेश तथा संघ अन्तर्गतका उच्च तहका स्वास्थ्य संस्थासँग प्रभावकारी प्रेषण प्रणाली स्थापना गर्न आवश्यक समन्वय गर्नेछ।

७. **गुणस्तर कायम राख्नुपर्ने :**

(१) अस्पतालले सेवा प्रवाह गर्दा मापदण्ड बमोजिमको गुणस्तर कायम गर्नु पर्नेछ।

(२) अस्पतालले योग्य र सम्बन्धित परिषद्मा दर्ता भएका सेवा प्रदायकबाट मात्र स्वास्थ्य सेवा प्रदान गर्नु पर्नेछ।

(३) संक्रमण रोकथाम तथा नियन्त्रण, स्वास्थ्यजन्य फोहोरमैला व्यवस्थापन र सरसफाई सम्बन्धी मापदण्ड अस्पतालले अनिवार्य रूपमा पालना गर्नु पर्नेछ।

## परिच्छेद–३
## अस्पताल व्यवस्थापन समिति

८. **व्यवस्थापन समितिको गठन :**

(१) अस्पतालको सञ्चालन, व्यवस्थापन र अनुगमनका लागि देहाय बमोजिमको एक अस्पताल व्यवस्थापन समिति गठन हुनेछः–

(क) गाउँपालिका अध्यक्ष वा निजले तोकेको व्यक्ति – अध्यक्ष

जय कुमार यादव

(ख) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत – सदस्य

(ग) गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख – सदस्य

(घ) सम्बन्धित वडाध्यक्ष वा निजले तोकेको वडा सदस्य – सदस्य

(ङ) गाउँपालिका क्षेत्रबाट अध्यक्षले मनोनयन गरेको एक जना महिला सामाजिक अगुवा – सदस्य

(च) उपभोक्ता वा सेवाग्राही हित संरक्षणसँग सम्बन्धित संघ संस्थाबाट अध्यक्षले मनोनयन गरेको एक जना – सदस्य

(छ) अस्पताल प्रमुख – सदस्य–सचिव

(२) उपदफा (१) को खण्ड (ङ) र (च) बमोजिम मनोनीत सदस्यको पदावधि तीन वर्षको हुनेछ र निज पुनः मनोनयन हुन सक्नेछ।

(३) उपदफा (१) को खण्ड (ङ) र (च) बमोजिम मनोनयन हुने सदस्यमा देहायको योग्यता पुगेको हुनु पर्नेछः–

(क) नेपाली नागरिक भई गाउँपालिका क्षेत्रको स्थायी बासिन्दा वा कम्तीमा दुई वर्षदेखि बसोबास गर्दै आएको हुनुपर्ने,

(ख) पच्चीस वर्ष उमेर पूरा भएको,

(ग) कम्तीमा एसईई वा सो सरहको शैक्षिक योग्यता हासिल गरेको,

(घ) सामाजिक, स्वास्थ्य वा उपभोक्ता हित संरक्षण क्षेत्रमा कम्तीमा दुई वर्षको कार्य अनुभव भएको,

(ङ) नैतिक पतन देखिने फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको,

(च) अस्पतालसँग प्रत्यक्ष वा अप्रत्यक्ष आर्थिक स्वार्थ नबाझिने।

(४) व्यवस्थापन समितिको अध्यक्ष वा कुनै सदस्यको पद देहायको अवस्थामा रिक्त हुनेछ (सेवा नरहने अवस्था):–

(क) पदावधि समाप्त भएमा,

(ख) उपदफा (५) बमोजिम राजीनामा स्वीकृत भएमा,

(ग) मृत्यु भएमा,

(घ) शारीरिक वा मानसिक रूपले निरन्तर छ महिनासम्म आफ्नो जिम्मेवारी निर्वाह गर्न नसक्ने भएमा,

(ङ) पदेन सदस्यको हकमा निज सम्बन्धित पदबाट अलग, अवकाश वा सरुवा भएमा,

(च) मनोनीत सदस्यको हकमा निज गाउँपालिका क्षेत्र बाहिर स्थायी रूपमा बसाइँ सरेमा वा उपदफा (३) बमोजिमको योग्यता गुमाएमा,

जय कुमार यादव
गा.पा. अध्यक्ष



CamScanner

(छ) नैतिक पतन देखिने फौजदारी कसूरमा अदालतबाट सजाय पाएमा,

(ज) पूर्व सूचना वा मनासिब कारण बिना लगातार तीन पटक व्यवस्थापन समितिको बैठकमा अनुपस्थित भएमा,

(झ) भ्रष्टाचार, आर्थिक अनियमितता वा गम्भीर आचरण उल्लंघन गरेको ठहर भई कार्यपालिकाले पदबाट हटाउने निर्णय गरेमा।

(५) राजीनामा सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः–

(क) व्यवस्थापन समितिका अध्यक्षले आफ्नो पदबाट राजीनामा दिन चाहेमा कार्यपालिका समक्ष र अन्य सदस्यले अध्यक्ष समक्ष लिखित राजीनामा पेश गर्नु पर्नेछ,

(ख) खण्ड (क) बमोजिम पेश भएको राजीनामा सम्बन्धित निकायबाट स्वीकृत भएको मितिबाट राजीनामा दिने व्यक्तिको पद स्वतः रिक्त हुनेछ,

(ग) राजीनामा स्वीकृत नभएसम्म सम्बन्धित पदाधिकारी वा सदस्य आफ्नो पदीय जिम्मेवारीमा बहाल रहनेछ।

(६) उपदफा (४) बमोजिम कुनै मनोनीत सदस्यको पद रिक्त भएमा बाँकी अवधिका लागि उपदफा (१) बमोजिमकै प्रक्रिया पुर्‍याई तीस दिनभित्र सो पदमा अर्को व्यक्ति मनोनयन गरिनेछ।

९. **<u>व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार</u> :** व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) अस्पतालको वार्षिक कार्यक्रम, बजेट तथा कार्ययोजना तयार गरी कार्यपालिका समक्ष स्वीकृतिका लागि पेश गर्ने,

(ख) अस्पतालको दैनिक सञ्चालन, सेवा प्रवाह र गुणस्तरको नियमित अनुगमन गर्ने,

(ग) जनशक्ति, औषधि, उपकरण तथा पूर्वाधार व्यवस्थापन सम्बन्धी आवश्यकता पहिचान गरी कार्यपालिका समक्ष सिफारिस गर्ने,

(घ) सेवा शुल्क सम्बन्धी प्रस्ताव तयार गरी दफा २५ बमोजिम कार्यपालिका समक्ष पेश गर्ने,

(ङ) सेवाग्राहीको गुनासो सुनुवाइ गरी आवश्यक व्यवस्था मिलाउने,

(च) अस्पतालको वार्षिक प्रतिवेदन तयार गरी कार्यपालिका र गाउँ सभा समक्ष पेश गर्ने,

(छ) अस्पतालसँग सम्बन्धित सार्वजनिक–निजी वा गैरसरकारी साझेदारी सम्बन्धमा कार्यपालिका समक्ष सिफारिस गर्ने,

(ज) तोकिए बमोजिमका अन्य काम गर्ने।

(झ) व्यवस्थापन समितिले आवश्यकता अनुसार आवश्यक मापदण्ड बनाई कम्तिमा महिनाको एक पटक र आबश्यक परेको खण्डमा बढीमा ३ पटक गाउँपालिका अध्यक्ष लगायत अन्य पदाधिकारीहरु तथा विषयविज्ञ वा सरोकारवालालाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(ञ) **अस्पताल सञ्चालक समितिको सेवा सुबिधा** :-समिति अध्यक्ष लाई यातायात सुबिधा प्रति महिना रु.१५०००/ (पन्द्रह हजार),पत्र पत्रिका इन्टरनेट वापत प्रति महिना रु. ३०००/-(तीन हजार मात्र),टेलिफोन रिचार्ज वापत प्रति महिना रु.३०००/(तीन हजार मात्र), बैठक भत्ता प्रति बैठक रु.१०००/ (एक हजार मात्र ) (महिनाको २-३ वटा बैठकको) समितिको सदस्यको हकमा प्रति बैठक भता रु.१०००/ (एक हजार मात्र ) हुने छ साथै समितिमा रहेका पदेन सदस्य वा प्रतिनिधीहरुले दोहोरो सेवा सुबिधा पाउने छैन।

(त) माथि जुनसुकै कुरा लेखिएको भएता पनि सञ्चालक समितिले गरेका नीतिगत निर्णय, कानूनी एवं संस्थागत महत्वपूर्ण निर्णय, कर्मचारी भर्ना नियुक्ति, अवकाससँग सम्बन्धित विषयमाथी निर्णय, गाउँपालिकाको संचित कोषबाट व्यभार हुने गरी भएका निर्णयहरु गाउँ कार्यपालिकाबाट स्वीकृति भए पछि मात्र लागू हुनेछन् ।

**१०. <u>व्यवस्थापन समितिको बैठक</u> :**

(१) व्यवस्थापन समितिको बैठक कम्तीमा दुई महिनामा एक पटक बस्नेछ।

(२) समितिका पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(३) बैठकको निर्णय उपस्थित सदस्यहरूको बहुमतबाट हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ।

(४) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

**११. <u>अस्पताल प्रमुख</u> :**

(१) अस्पतालको दैनिक प्रशासनिक तथा चिकित्सकीय नेतृत्वका लागि कार्यपालिकाले उपयुक्त योग्यता पुगेको चिकित्सक वा स्वास्थ्यकर्मीलाई अस्पताल प्रमुखको रूपमा तोक्नेछ।

(२) अस्पताल प्रमुखको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ र निजले अस्पतालको दैनिक कामकाजको नेतृत्व गर्दै व्यवस्थापन समिति समक्ष नियमित रूपमा प्रतिवेदन पेश गर्नु पर्नेछ।

## परिच्छेद–४
## जनशक्ति व्यवस्थापन

**१२. जनशक्ति व्यवस्थापन तथा सञ्चालन:**

(१) कर्मचारी समायोजन ऐन, २०७५ र स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन सम्बन्धी बनेको ऐन, २०७९ बमोजिम यस मुखियापट्टी मुसहरनिया गाउँपालिकामा कार्यरत मौजुदा स्थायी स्वास्थ्यकर्मीहरूलाई अस्पताल तथा स्वास्थ्य संस्थामा परिचालन तथा कामकाज गर्न खटाउन सकिनेछ।

जय कुमार यादव
गा.पा. अध्यक्ष



CamScanner

(२) अस्पताल, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र तथा सामुदायिक स्वास्थ्य इकाईमा सेवा प्रवाहमा समस्या सिर्जना भएको वा दरबन्दी तेरिजभन्दा बढी स्वास्थ्यकर्मी उपलब्ध भएको खण्डमा, कुनै पनि स्वास्थ्य सेवा प्रवाहमा बाधा वा अड्चन नआउने गरी निश्चित समयका लागि कर्मचारीलाई एक स्वास्थ्य संस्थाबाट अर्को स्वास्थ्य संस्थामा कामकाजका लागि खटाउन सकिनेछ।

(३) गाउँपालिकाले कर्मचारीलाई कामकाजमा खटाउन आवश्यक ठहरेमा निजको पदीय ज्येष्ठता, शैक्षिक योग्यता, तालिम र मनोभावलाई विचार गरी खटाउन सक्नेछ।

(४) कुनै कर्मचारी लामो समयसम्म तालिम, अध्ययन बिदा वा अन्य कुनै कारणले अनुपस्थित भई पद खाली हुन गएमा वा मौजुदा स्थायी स्वास्थ्यकर्मी अपुग भएर सेवा प्रवाहमा कठिनाई भएमा देहाय बमोजिम पदपूर्ति तथा व्यवस्थापन गरिनेछ:

(क) स्थायी पदपूर्ति: स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँग समन्वय गरी पदपूर्तिको प्रक्रिया अगाडि बढाउन सकिनेछ।

(ख) सेवा करार: एक आर्थिक वर्षका लागि स्वास्थ्यकर्मी सेवा करारमा लिन सकिनेछ। आर्थिक वर्ष समाप्त भएपछि आवश्यकता अनुसार पुनः सेवा नवीकरण गर्न सकिनेछ र नवीकरण नगरेको खण्डमा सम्झौता स्वतः रद्द हुनेछ। प्रथम पक्ष वा दुवै पक्षले आर्थिक वर्ष समाप्त हुनुअगावै करार भङ्ग गर्न चाहेमा १ महिना अगावै लिखित जानकारी गराउनु पर्नेछ।

(ग) ज्यालादारी व्यवस्थापन: विशेष परिस्थितिमा स्थायी वा करारका कर्मचारी नभएको खण्डमा स्थायी/करारका कर्मचारी नआउन्जेलका लागि अस्पताल सञ्चालन समिति वा कार्यपालिकाको निर्णय अनुसार ज्यालादारीमा कर्मचारी खटाउन सकिनेछ।

(५) सेवा करार वा ज्यालादारीमा खटाइएका कर्मचारीहरूलाई कुनै थप सेवा सुविधा उपलब्ध गराइने छैन। निजहरूको सेवा सुविधा तथा तलब गाउँपालिकाको आन्तरिक स्रोत/बजेट वा (अस्पताल सञ्चालन समितिले पारित गरेको निर्णय अनुसार सम्भव भएमा) अस्पतालको कोषबाट दुवै पक्षको आपसी सम्झौता बमोजिम प्रदान गरिनेछ।

(६) थप सेवा सुविधा विस्तार ग्रनुपरेको अवस्थामा अस्पताल आफ्नो आर्थिक अवस्थाले असमर्थ भएमा गाउँपालिकाको गाउँ सभाबाट थप दरबन्दी स्वीकृत भएबमोजिम अन्य प्रक्रिया अस्पतालले संचालन गर्नेछ |

**अस्पतालका लागि स्वीकृत जनशक्ति दरबन्दी तेरिज:**

अस्पतालले देहाय बमोजिमको जनशक्तिको व्यवस्था गर्नेछ र आवश्यकता अनुसार कर्मचारी थपघट गर्न सकिनेछ :

| सेवा/समुह | तह/पद | संख्या | कैफियत |
|---|---|---|---|

... कुमार यादव
गा.पा. अध्यक्ष

| | | | |
|---|---|---|---|
| १ | जनरल फिजिसियन (नवौ तह ) | १ | |
| ३ | मेडिकल अधिकृत (आठौ तह ) | २ | |
| ४ | हेल्थ असिष्टेन्ट (७/६/५) | ४ | |
| ५ | स्टाफ नर्स (७/६/५) | ६ | |
| ६ | कबिराज (७/६/५) | १ | |
| ७ | डेन्टल (७/६/५) | १ | |
| ८ | ल्याब टेक्निसियन (७/६/५) | १ | |
| ९ | फार्मेसी सहायक (७/६/५) | १ | |
| १० | रेडियोग्राफर (७/६/५) | १ | |
| ११ | अप्थाल्मिक सहायक | १ | |
| १२ | प्रशासन (सहायक पाँचौ ) | १ | |
| १३ | लेखा (७/६/५) | १ | |
| १४ | कार्यालय सहयोगी | ६ | |
| १५ | सरसफाई सहयोगी | ३ | |
| कुल जम्मा | | ३० | |

**१३. <u>सेवा प्रदायकको आचरण</u> :**

(१) अस्पतालमा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मीले सम्बन्धित परिषद्ले निर्धारण गरेको पेशागत आचरण पालना गर्नु पर्नेछ।

जय कुमार यादव
न.पा. अध्यक्ष



CamScanner

(२) सेवा प्रदायकले सबै सेवाग्राहीप्रति समान तथा आदरपूर्ण व्यवहार गर्नु पर्नेछ। बिरामीको स्वास्थ्य अवस्थाको गम्भीरताको आधारमा उपचारमा प्राथमिकीकरण गर्न भने बाधा पर्ने छैन।

(३) कसैले पनि सेवाग्राहीको उत्पत्ति, धर्म, वर्ण, जात जाति, लिङ्ग, पेशा, यौनिक तथा लैंगिक पहिचान, शारीरिक वा स्वास्थ्य अवस्था, अपाङ्गता, वैवाहिक स्थिति, गर्भावस्था, वैचारिक आस्था वा अन्य कुनै आधारमा उपचारमा भेदभाव गर्न वा गराउन हुँदैन।

## परिच्छेद–५
## सेवाग्राहीको अधिकार, कर्तव्य र सेवा प्रवाह

**१४. सेवाग्राहीको अधिकार :**

(१) गाउँपालिका क्षेत्रभित्रका प्रत्येक नागरिकलाई अस्पतालबाट गुणस्तरीय, सहज र सर्वसुलभ स्वास्थ्य सेवा प्राप्त गर्ने हक हुनेछ।

(२) प्रत्येक नागरिकलाई जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ को उपदफा (४) बमोजिमका आधारभूत स्वास्थ्य सेवा र दफा ४ बमोजिमको आकस्मिक स्वास्थ्य सेवा अस्पतालबाट निःशुल्क प्राप्त गर्ने हक हुनेछ।

(३) कुनै पनि नागरिकलाई अस्पतालको सेवाबाट वञ्चित गरिने छैन।

**१५. सेवाग्राहीलाई जानकारी दिनुपर्ने :**

(१) अस्पताल तथा उपचार प्रदान गर्ने स्वास्थ्यकर्मीले सेवाग्राहीलाई निजको स्वास्थ्य अवस्था, रोगको निदान, उपचारसँग सम्बन्धित सेवाको विकल्प, अनुमानित खर्च तथा सम्भावित परिणाम सम्बन्धमा सम्भव भएसम्म निजले बुझ्न सक्ने भाषामा जानकारी दिनु पर्नेछ।

(२) सेवाग्राहीको स्वास्थ्य स्थितिको सूचना निजलाई दिन नसकिने अवस्थामा निजको परिवारको उमेर पुगेको सदस्यलाई सो जानकारी दिनु पर्नेछ।

**१६. सुसूचित सहमति लिनुपर्ने :**

(१) अस्पतालले सेवाग्राहीलाई स्वास्थ्य सेवा उपलब्ध गराउँदा तोकिएको उपचारका लागि निजको सुसूचित सहमति लिनु पर्नेछ। शल्यक्रिया वा जोखिमयुक्त उपचारका हकमा लिखित सहमति लिनुपर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सेवाग्राही सहमति दिन सक्ने अवस्थामा नरहेको, जीवन जोखिममा परेको वा उपचारमा ढिलाइ गर्दा अपूरणीय क्षति हुन सक्ने आकस्मिक अवस्थामा सुसूचित सहमति बिना नै आवश्यक जीवनरक्षक उपचार गर्न सकिनेछ।

**१७. गोपनीयता कायम राख्ने :**

जय कुमार यादव
गा. पा. अध्यक्ष

(१) अस्पतालले सेवाग्राहीको स्वास्थ्य अवस्था, निदान तथा उपचार सम्बन्धी सूचना गोप्य राख्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सेवाग्राही स्वयंले लिखित सहमति दिएमा, अदालतको आदेश वा प्रचलित कानून बमोजिम सूचना सार्वजनिक गर्नुपर्ने भएमा, वा सूचना सार्वजनिक नगर्दा जनस्वास्थ्यमा गम्भीर असर पर्ने देखिएमा यस दफाले बाधा पुर्‍याएको मानिने छैन।

१८. <u>डिस्चार्ज सारांश दिनुपर्ने</u> : अस्पतालमा भर्ना भई उपचार गराइरहेको बिरामीलाई डिस्चार्ज (बहिर्गमन) गर्दा तोकिए बमोजिमको जानकारी सहितको डिस्चार्ज सारांश दिनु पर्नेछ।

१९. <u>सेवाग्राहीको कर्तव्य</u> : अस्पतालबाट सेवा लिने सेवाग्राहीको कर्तव्य देहाय बमोजिम हुनेछ:-

(क) आफ्नो स्वास्थ्य अवस्थाको यथार्थ जानकारी अस्पताललाई उपलब्ध गराउने,

(ख) अस्पतालको नियम, समय तालिका र प्रक्रियाको पालना गर्ने,

(ग) स्वास्थ्यकर्मी तथा अस्पतालको मर्यादा र सम्मान गर्ने, कुनै पनि प्रकारको शारीरिक, मानसिक वा लैंगिक हिंसा नगर्ने,

(घ) सिफारिस गरिएको उपचार लिन अस्वीकार गरेमा सो व्यहोरा उपचार कार्ड वा डिस्चार्ज सर्टिफिकेटमा उल्लेख गरी हस्ताक्षर गर्ने,

(ङ) दफा ६ बमोजिम प्रेषण गरिएको स्वास्थ्य संस्थामा गई सेवा लिने।

२०. <u>उजुरी तथा गुनासो सुनुवाइ</u> :

(१) उपचारको सिलसिलामा कुनै सेवाग्राहीलाई अस्पतालको सेवा वा व्यवहार सम्बन्धमा गुनासो भएमा निजले व्यवस्थापन समिति समक्ष उजुरी दिन सक्नेछ।

(२) व्यवस्थापन समितिले प्राप्त गुनासोको सुनुवाइ गरी तोकिएको समयावधिभित्र आवश्यक कारबाही वा निर्णय गर्नु पर्नेछ।

(३) व्यवस्थापन समितिको निर्णयमा चित्त नबुझ्ने सेवाग्राहीले कार्यपालिका समक्ष पुनरावेदन गर्न सक्नेछ।

## परिच्छेद-६
## औषधि, उपकरण तथा फ़ार्मेसी व्यवस्थापन

२१. <u>फार्मेसी सञ्चालन</u> :

(१) अस्पतालले आफ्नै फार्मेसी सञ्चालन गरी सुपथ मूल्यमा औषधिको नियमित उपलब्धता सुनिश्चित गर्नु पर्नेछ।

(२) चिकित्सक तथा स्वास्थ्यकर्मीले औषधि सिफारिस गर्दा जेनेरिक नाम लेख्नु पर्नेछ। पेटेन्ट र नयाँ औषधिको हकमा ब्राण्ड नाममा सिफारिस गर्न बाधा पर्ने छैन।

जय कुमार यादव
न.पा. अध्यक्ष



CamScanner

२२. <u>औषधि तथा उपकरणको व्यवस्थापन</u> :

(१) अस्पतालले मापदण्डमा तोकिए बमोजिमको आवश्यक औषधि, उपकरण तथा उपभोग्य सामग्रीको न्यूनतम स्टक कायम राख्नु पर्नेछ।

(२) औषधि तथा उपकरणको भण्डारण, गुणस्तर परीक्षण र वितरण मापदण्ड बमोजिम गर्नु पर्नेछ।

(३) अस्पतालले स्वास्थ्यजन्य फोहोरमैलालाई जोखिमयुक्त र जोखिमरहित भागमा छुट्याई मापदण्ड बमोजिम व्यवस्थापन गर्नु पर्नेछ।

(४) औजार तथा उपकरणः (१) ५,10 र १५ शैयाको अस्पताल सञ्चालनका लागि आवश्यक औजार तथा उपकरण प्रचलित संघिय तथा प्रदेश कानूनमा उल्लेख भए बमोजिम तथा आवश्यक्ता अनुसार थपघट हुनेछ र सोही अनुसार औजार तथा उपकरणको व्यवस्था गर्नु पर्नेछ ।

(क)अस्पतालमा रहने न्यूनतम प्रयोगशाला तथा उपकरणहरुको हकमा देहायमा उल्लेख भए बमोजिम व्यवस्था गर्नु पर्नेछः-

**प्रयोगशालाका औजार तथा उपकरणहरु (Laboratory Instruments)**

| S.N. | Name of Instruments | Unit | Quantity |
|---|---|---|---|
| 1 | Microscope | Pcs | 1-3 |
| 2 | Semi Auto Analyzer (Bio Chemistry) | Pcs | 1 |
| ३ | Fully Auto Analyzer (Bio Chemistry) | Pcs | १ |
| ४ | Fully Auto Analyzer (CBC Machine) | Pcs | १ |
| ४ | Incubator set | Pcs | १ |
| ५ | Chemical Balance | Pcs | 1 |
| ६ | Electrolyte Analyzer | Pcs | 1 |
| ७ | Colorimeter | Pcs | 1-3 |
| ८ | Hot air Oven | Pcs | १ |
| ९ | Autoclave | Pcs | 1 |
| १० | Refrigerator | Pcs | 1 |
| 1१ | Blood cell counter (18 parameters or above) | Pcs | 1 |

| | | | |
|---|---|---|---|
| 12 | Generator | Pcs | 1 |
| 1३ | Centrifuge | Pcs | 2 |
| 1४ | Counting Chamber | Pcs | 1-2 |
| 1५ | DLC counter | Pcs | 1-2 |
| 1६ | Incinerator | Pcs | 1 |
| 1७ | Computer with Printer | Pcs | १ |
| १८ | TFT Machine | Pcs | १ |
| १९ | Na++, k + Machine | Pcs | १ |
| २० | HbA1C machine | pcs | १ |

(क) Imaging Equipment:

| S.N. | Name of Instruments | Quantity |
|---|---|---|
| 1 | 300 ma X-ray Machine | 1 |
| 2 | 100 ma X-ray Machine | 1 |
| 3 | 100 ma X-ray Machine (Mobile) | 1 |
| 4 | Dry View Processor (CR System) | स्वैच्छिक |
| 5 | Dental X-ray Machine | स्वैच्छिक |
| 6 | Ultra Sound Machine with color dropper & guided biopsy | 1 |
| 7 | ECG Machine | स्वैच्छिक |



CS CamScanner

## परिच्छेद–७
## आर्थिक व्यवस्थापन

**२३. अस्पताल सञ्चालन कोष :**

(१) अस्पतालको सञ्चालन र व्यवस्थापन खर्च धान्नका लागि अस्पतालले छुट्टै "अस्पताल सञ्चालन कोष" स्थापना गर्न सक्नेछ तथा अस्पतालको आफ्नै नाममा बैंक खाता खोलिने छ ।

(२) अस्पताल संचालन समिति अध्यक्ष र अस्पताल प्रमुखको संयुक्त हस्ताक्षरबाट कोषको संचालन हुनेछ।

(३) उपदफा (१) बमोजिमको कोषमा देहायका रकम रहनेछन्:–

(क) गाउँपालिकाको वार्षिक बजेटबाट विनियोजित रकम,

(ख) नेपाल सरकार वा प्रदेश सरकारबाट प्राप्त अनुदान,

(ग) अस्पतालले उपलब्ध गराएको सेवा बापत प्राप्त शुल्क,

(घ) कुनै संघ संस्था वा व्यक्तिबाट प्राप्त दान, सहयोग वा अनुदान,

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(४) कोषको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(५ ) महिनाको अन्त्यमा अस्पतालको विभिन्न सेवाबाट प्राप्त स्वास्थ्य सेवा शुल्कहरु अस्पतालको कोष मा जम्मा गरिनेछ।

(६) पेश्की तथा अन्य व्यवस्थाहरु सार्वजनिक खरिद ऐन अनुसार हुनेछ।

**२४. गरिब तथा विपन्न उपचार कोष :**

(१) आर्थिक रूपले विपन्न, असहाय, घर ठेगाना पत्ता नलागेको, अपाङ्गता भएका वा लक्षित समूहका व्यक्तिको उपचार खर्च व्यहोर्न कार्यपालिकाले छुट्टै "गरिब तथा विपन्न उपचार कोष" स्थापना गर्न सक्नेछ।

(२) उक्त कोषको सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

**२५. सेवा शुल्क निर्धारण :**

(१) अस्पतालले उपलब्ध गराउने सेवा बापत लाग्ने शुल्क अस्पताल संचालन तथा व्यवस्थापन समितिले निर्धारण गर्नेछ।

(२) आधारभूत स्वास्थ्य सेवा नागरिकलाई निःशुल्क उपलब्ध गराउनु पर्नेछ।

(३) महिला, बालबालिका, ज्येष्ठ नागरिक, दलित, अपाङ्गता भएका व्यक्ति, शहीद परिवार लगायत लक्षित समूहका सेवाग्राहीलाई सेवा शुल्कमा छुट वा निःशुल्क सेवा उपलब्ध गराउन अस्पताल व्यवस्थापन समितिको सिफारिसमा र विशेष परिस्थितिमा गाउँ कार्यपालिकाको सिफारिसमा व्यवस्था मिलाउन सक्नेछ।

**२६. खर्च तथा अभिलेख :**

(क) दरवन्दी अनुसारको मानव श्रोतका लागि आवश्यक तलव भत्ता औषधी तथा उपकरणको कमी नहुने गरी गा.पा. बाट प्राप्त अनुदान सुनिश्चित गरी अन्य प्रशासनीक खर्चमा पनि बजेट बाँडफांड गर्नु पर्नेछ। दरबन्दी बाहेकका जनशक्ती आवश्यक परेमा आर्थिक श्रोतले भ्याउने भएमा मात्र अस्पताल संचालक समितिको निर्णयबाट स्वीकृत मापदण्ड बमोजिम जनशक्तीको सेवा करार अथवा ज्यालादारीमा व्यवस्थापन गर्न सकिने छ ।

(ख) अस्पताल संचालन कोषको रकम अस्पतालको संचालन, औषधि तथा उपकरण खरिद, अस्पताल प्रशासन, जनशक्ति व्यवस्थापन र सेवा सुधारमा मात्र खर्च गरिनेछ।

(ग) प्रत्येक आ.व.को लागि निर्धारण गरिएको रकम समयमै गा.पा./बडा कार्यालयमा माग गर्नु पर्दछ ।

(घ) प्राप्त रकम सम्बन्धित शीर्षकको कार्यक्रम निर्धारित समयमै सम्पन्न गरी सो को अभिलेख स्वास्थ्य संस्थामा पनि राख्नु पर्दछ ।

**२६. लेखा तथा लेखापरीक्षण :**

(क) अस्पतालको आय–व्ययको लेखा प्रचलित कानून बमोजिम राख्नु पर्नेछ।

(ख) अस्पतालको वार्षिक लेखापरीक्षण प्रचलित कानून बमोजिम गराई सोको प्रतिवेदन कार्यपालिका र गाउँ सभा समक्ष पेश गर्नु पर्नेछ।

(ग) अस्पतालको स्वामित्वमा रहेको चल, अचल सम्पत्तीको अभिलेख अध्यावधिक गरी ठीक दुरुस्त राख्नु पर्नेछ ।

## परिच्छेद–८
## गुणस्तर, अनुगमन तथा मूल्याङ्कन

**२७. अनुगमन तथा मूल्याङ्कन :**

(१) कार्यपालिकाले अस्पतालको सेवा प्रवाह, गुणस्तर र मापदण्ड पालनाको नियमित अनुगमन तथा मूल्याङ्कन गर्नेछ। आवश्यकता अनुसार छुट्टै अनुगमन समिति गठन गर्न सक्नेछ।

जय कुमार यादव
गा.पा. अध्यक्ष
16

(२) अनुगमनबाट मापदण्ड विपरीत भएको वा जनस्वास्थ्यमा गम्भीर प्रतिकूल असर पर्ने कुरा देखिएमा कार्यपालिकाले आवश्यक सुधारात्मक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु अस्पतालको कर्तव्य हुनेछ।

(३) संघीय तथा प्रदेश स्तरका स्वास्थ्य निकायबाट हुने प्राविधिक अनुगमन, नियमन र गुणस्तर मापनमा अस्पतालले पूर्ण सहयोग गर्नु पर्नेछ।

२८. **वार्षिक प्रतिवेदन** : अस्पतालले आफूले प्रदान गरेको सेवाको विवरण सहितको वार्षिक प्रतिवेदन हरेक आर्थिक वर्ष समाप्त भएको साठी दिनभित्र व्यवस्थापन समिति मार्फत कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ र कार्यपालिकाले सोको एकमुष्ट विवरण सम्बन्धित स्वास्थ्य कार्यालय र मन्त्रालयमा पठाउनु पर्नेछ।

## परिच्छेद–९
## कसूर र सजाय

२९. **कसूर** : अस्पतालमा कार्यरत कसैले देहायको कुनै कार्य गरेमा यस ऐन अन्तर्गतको कसूर गरेको मानिनेछः–

(क) आकस्मिक उपचार सेवा प्रदान गर्न इन्कार गरेमा,

(ख) दफा १६ बमोजिम सुसूचित सहमति नलिई उपचार सेवा प्रदान गरेमा,

(ग) दफा १३ बमोजिम सेवाग्राहीलाई समान व्यवहार नगरेमा वा भेदभाव गरेमा,

(घ) दफा १७ बमोजिम गोपनीयता कायम नगरेमा,

(ङ) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, कार्यविधि वा मापदण्ड बमोजिम जारी भएको सूचना वा निर्देशन पालना नगरेमा।

३०. **सजाय** :

(१) दफा २९ बमोजिमको कसूर गरेको ठहरेमा कार्यपालिकाले सम्बन्धित व्यक्तिलाई प्रचलित कानूनले तोकेको सीमाभित्र रही विभागीय कारबाही गर्न वा गराउन सक्नेछ।

(२) यस दफा बमोजिमको कारबाहीले अन्य प्रचलित कानून बमोजिम हुने कारबाहीमा बाधा पुर्‍याएको मानिने छैन।

३१. **पुनरावेदन** : दफा ३० बमोजिम भएको निर्णयमा चित्त नबुझ्ने पक्षले सो निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र कार्यपालिका समक्ष उजुरी दिन सक्नेछ र कार्यपालिकाको निर्णय अन्तिम हुनेछ।

जय कुमार यादव
गा.पा. अध्यक्ष

## परिच्छेद–१०
## विविध

३२. **समन्वय र साझेदारी** : गाउँपालिकाले अस्पतालको सेवा प्रवाह प्रभावकारी बनाउन प्रदेश तथा संघीय सरकार, नेपाल सरकारका स्वास्थ्य निकाय, अन्य स्थानीय तह र गैरसरकारी वा निजी क्षेत्रसँग आवश्यक समन्वय र साझेदारी गर्न सक्नेछ।

३३. **नियम, कार्यविधि र मापदण्ड बनाउने अधिकार** :

(१) यो ऐन कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियम बनाई गाउँ सभाबाट स्वीकृत गराउन सक्नेछ।

(२) यो ऐन तथा उपदफा (१) बमोजिमको नियमको अधीनमा रही अस्पताल संचालन तथा व्यवस्थापन समितिले आवश्यक कार्यविधि, निर्देशिका वा मापदण्ड बनाई लागू गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम बनाइने नियम, कार्यविधि वा मापदण्ड नेपाल सरकारले जारी गरेको स्वास्थ्य संस्था सञ्चालन सम्बन्धी मापदण्ड र जनस्वास्थ्य सेवा ऐन, २०७५ भन्दा प्रतिकूल हुने गरी बनाउन सकिने छैन।

३४. **बाधा अड्काउ फुकाउने अधिकार** : यो ऐन कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ पर्न गएमा कार्यपालिकाले आवश्यक व्यवस्था गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ। त्यस्तो व्यवस्था गाउँ सभा समक्ष जानकारीको लागि पेश गर्नु पर्नेछ।

३५. **खारेजी र बचाउ** :

(१) यो ऐन प्रारम्भ हुनुभन्दा अघि अस्पताल वा त्यस्तै प्रकृतिको स्वास्थ्य संस्था सञ्चालन सम्बन्धमा गाउँपालिकाबाट भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेको अस्पतालले कार्यपालिकाले तोकेको समयावधिभित्र यस ऐन तथा मापदण्ड बमोजिमको व्यवस्था पूरा गर्नु पर्नेछ।

३६. **प्रचलित कानून बमोजिम हुने** : यस ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम र अन्य कुराको हकमा जनस्वास्थ्य सेवा ऐन, २०७५, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्य प्रचलित नेपाल कानून बमोजिम हुनेछ।

जय कुमार यादव
गा.पा. अध्यक्ष